नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

मिति: २०७८/०७/२५

पत्र संख्या : ०७८/७९
चलानी नं. : ४२७
श्री प्रभु बैंक लिमिटेड (PRVU)
बबरमहल, काठमाडौं ।

**बिषय : स्पष्टिकरण पेश गर्ने सम्वन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस लिमिटेडमा सूचीकृत श्री प्रभु बैंक लिमिटेडको च.नं.८५७/०७८/७९, मिति २०७८/०७/२३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को धितोपत्र सूचीकरण सम्बन्धि सम्झौता बुदाँ नं. ५ मा भएको व्यवस्था अनुसार तत्काल वा भोलि पल्ट वा कारोबार समय शुरु हुनु अघि जानकारी गराउनु पर्ने व्यवस्था रहेकोमा त्यस कम्पनीले लाभांशको वितरण गर्ने निर्णय सोही दिन गराएता पनि कारोबार समय खुल्नु अघि सोही विनियमावलीको २२ (१) बमोजिम जानकारी नगराएको र सोही दिन कारोबार समय दिउँसो १:०० बजे देखि ३:०० बजे सम्ममा बैंठक बसी धितोपत्रको कारोबार तथा मूल्यसँग सम्बन्धित संवेदनशिल सूचना तथा जानकारी सर्वसाधारणलाई सूचनाको पहुँचबाट सो कम्पनीका पदाधिकारीबाट बञ्चित गराई धितोपत्रको मूल्यमा प्रभाव पारेकोले धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम १६(१)(ख) मा भएको व्यवस्था अनुसार त्यस कम्पनीको धितोपत्रको कारोबार रोक्का गरिएको र के कति कारणले कारोबार समयमा कम्पनीको सञ्चालक समितिको बैंठक बसि लाभांश घोषणा गरेको हो ? यस सम्बन्धमा यो पत्रका मितिले ७ (सात) दिन भित्रमा स्पष्टिकरण पेश गर्नु हुन मिति २०७८/०७/२५ को निर्णयानुसार अनुरोध गर्दछु ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से
श्री प्रणाली सञ्चालन शाखा -उक्त कम्पनीको कारोबार रोक्का गरिदिनु हुन, नेप्से ।

भवदीय,

कुलचन्द्र रिजाल
वरिष्ठ अधिकृत
सूचीकरण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025
website: www.nepalstock.com/ www.nepalstock.com.np